# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, फागुन २६ गते २०६५ साल (अतिरिक्ताङ्क ४६(ख


## भाग ५

### निर्वाचन आयोगको
### सूचना १

निर्वाचन आयोगले संविधान सभा सदस्य निर्वाचन नियमावली, २०६४ को नियम ४ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत मोरङ्ग जिल्लाको निर्वाचन क्षेत्र नं. ५ र ७, धनुषा जिल्लाको निर्वाचन क्षेत्र नं. ५, कास्की जिल्लाको निर्वाचन क्षेत्र नं. १, रोल्पा जिल्लाको निर्वाचन क्षेत्र नं. २ र कञ्चनपुर जिल्लाको निर्वाचन क्षेत्र नं. ४ मा संवत् २०६५ साल चैत्र २८ गते शुक्रवारका दिन बिहान ८:०० बजे देखि अपरान्ह ५:०० बजेसम्म मतदान हुने संविधान सभा सदस्यको उपनिर्वाचनको लागि देहाय बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरेको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संविधान सभा सदस्य निर्वाचन
उप-निर्वाचन
पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली

## निर्वाचन कार्यक्रम

**निर्वाचन कार्यक्रम प्रकाशन मिति : २०६५/११/२९**

| क्र.सं. | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १. | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने । | २०६५/१२/१ | | १०.०० | १७.०० | निर्वाचन अधिकृतको कार्यालय (जिल्ला सदरमुकाम) | |
| २. | उम्मेदवारको मनोनयनपत्र दर्ता भएको सूची प्रकाशन गर्ने । | २०६५/१२/२ | | १०.०० | | ऐ. ऐ. | |
| ३. | उम्मेदवारको विरोधमा उजुरी दिने । | २०६५/१२/२ | | १२:०० | १७.०० | ऐ. ऐ. | |
| ४. | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने । | २०६५/१२/३ | २०६५/१२/४ | १०.०० | १६.०० | ऐ. ऐ | |
| ५. | उम्मेदवारको नामावली प्रकाशन गर्ने । | २०६५/१२/४ | | | १७.०० | ऐ. ऐ. | |
| ६. | उम्मेदवारको नाम फिर्ता लिने । | २०६५/१२/५ | | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने । | २०६५/१२/६ | | १०.०० | १७.०० | ऐ. ऐ | |
| ८. | मतदान गर्ने । | २०६५/१२/२८ | | ०८.०० | १७.०० | सम्बन्धित मतदानकेन्द्र | |

**द्रष्टव्य** :

१. संवत् २०६५ साल चैत २८ गते शुक्रवारको दिन बिहान ८.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म मतदान हुनेछ ।
२. यस निर्वाचन क्षेत्रअन्तर्गतका सबै मतदान केन्द्रहरुका सबै मतपेटिकाहरु (विद्युतीय मतदान यन्त्र) प्राप्त भएपछि मतगणना कार्य सुरु गरिनेछ ।
३. मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

निर्वाचन आयोगले संविधान सभा सदस्य निर्वाचन आचारसंहिता, २०६४ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवत् २०६५ साल चैत्र २८ गते पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत मोरङ्ग जिल्लाको निर्वाचन क्षेत्र नं. ५ र ७, धनुषा जिल्लाको निर्वाचन क्षेत्र नं. ५, कास्की जिल्लाको निर्वाचन क्षेत्र नं. १, रोल्पा जिल्लाको निर्वाचन क्षेत्र नं. २ र कञ्चनपुर जिल्लाको निर्वाचन क्षेत्र नं. ४ मा हुने संविधान सभा सदस्यको उपनिर्वाचनको लागि २०६४/५/२ मा आयोगले जारी गरेको संविधान सभा सदस्य निर्वाचन आचारसंहिता, २०६४ को दफा २८, ६०, ७२, ७३, ८२, ८५, अनुसूचि १ को खण्ड (ख) र अनुसूचि ३ का व्यवस्थाहरु उपनिर्वाचनको प्रयोजनको लागि लागू नहुने गरी अरु व्यवस्था उपनिर्वाचन हुने निर्वाचन क्षेत्रको लागि देहाय बमोजिम लागू गरेको हुँदा यो सूचना प्रकाशन गरेको छ :-

क) नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्था र स्थानीय निकायका हकमा संवत् २०६५ साल फागुन १ गते देखि,

ख) राजनैतिक दल र उम्मेदवारको हकमा निर्वाचनको मनोनयन पत्र दर्ता भएको मितिदेखि,

ग) गैर सरकारी तथा निजी सञ्चार माध्यमका हकमा उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरेको मितिदेखि ।

## सूचना ३

निर्वाचन आयोगले निर्वाचन आयोग ऐन, २०६३ को दफा ४५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी संवत् २०६५ साल चैत्र २८ गते शुक्रवारका दिन हुने पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत मोरङ्ग जिल्लाको निर्वाचन क्षेत्र नं. ५ र ७, धनुषा जिल्लाको निर्वाचन क्षेत्र नं. ५, कास्की जिल्लाको निर्वाचन क्षेत्र नं. १, रोल्पा जिल्लाको निर्वाचन क्षेत्र नं. २ र कञ्चनपुर जिल्लाको निर्वाचन क्षेत्र नं. ४ मा हुने संविधान सभा सदस्य उपनिर्वाचनको निमित्त प्रत्येक मतदाताको परिचयको लागि नागरिकता प्रमाणपत्र प्रमाणको रुपमा लिई मतदान गर्न दिने व्यवस्था गरेको हुँदा यो आदेश जारी गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

निर्वाचन आयोगले निर्वाचन आयोग ऐन, २०६३ को दफा ४५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी संवत् २०६५ साल चैत्र २८ गते पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत मोरङ्ग जिल्लाको निर्वाचन क्षेत्र नं. ५ र ७, धनुषा जिल्लाको निर्वाचन क्षेत्र नं. ५, कास्की जिल्लाको निर्वाचन क्षेत्र नं. १, रोल्पा जिल्लाको निर्वाचन क्षेत्र नं. २ र कञ्चनपुर जिल्लाको निर्वाचन क्षेत्र नं. ४ मा हुन लागेको संविधान सभा सदस्यको उपनिर्वाचन स्वच्छ, स्वतन्त्र र निष्पक्ष रुपमा सम्पन्न गर्ने क्रममा राजनैतिक दल तथा उम्मेदवारहरुलाई संवत् २०६५ साल चैत्र १ गतेदेखि संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०६४ प्रारम्भ हुने व्यहोराको सूचना सार्वजनिक गरिसकेको छ। उक्त आचारसंहिताले निर्वाचन प्रचार प्रसारको क्रममा कुनै पनि पोष्टर टाँस्ने वा वितरण गर्ने, भित्ते लेखन गर्ने, तुल र ब्यानर प्रयोग गर्ने गराउने जस्ता कार्य निषेध गरेको हुँदा त्यस्ता कार्यहरु नगर्ने नगराउन र आचारसंहिता लागू हुनु भन्दा अगावै त्यस्ता कार्यहरु गरेका भएमा राजनैतिक दल तथा उम्मेदवारहरुले आ-आफ्नो तर्फबाट हटाईदिन, मेटाइदिन यो आदेश जारी गरिएको छ ।

आज्ञाले

सुशील जंग बहादुर राणा

सचिव

1320



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो.हु.द.नं. १६३०६२।६२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार